नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर

प.सं. २०७५/०७६ मिति: २०७५/६/०२
च.नं. १८२

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
सिन्धुपाल्चोक, गोरखा, काठमाण्डौ, भक्तपुर, नुवाकोट, ललितपुर, रसुवा, दोलखा, काभ्रेपलान्चोक, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्वु, चितवन, कास्की, नवलपरासी, लम्जुङ्ग, तनहुँ, अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, पर्वत, वाग्लुङ्ग, र म्याग्दी ।

**विषय : निर्देशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कर्मचारी प्रशासन शाखाको प.सं. ०७५।७६, च.नं. ६४०, मिति २०७५।५।३१ को पत्रानुसार "भूकम्पबाट प्रभावित भई निजी आवास पुनर्निर्माणमा समावेश भएका लाभग्राहीहरुले निजी आवास पुनर्निर्माणको विभिन्न चरणमा लाभग्राहीको नाम सच्याउने, नाता प्रमाणित लगायतका विभिन्न सिफारिसमा सम्बन्धित स्थानीय तहका केही वडा कार्यालयबाट सिफारिस दस्तुर लिई राखेकोले निज लाभग्राहीहरुले त्यस्ता सिफारिस दस्तुर तिर्नुपर्ने/नपर्ने सम्बन्धमा लाभग्राहीहरुबाट स्थानीय दस्तुर लिन नपाउने भनी जानकारी गराउन पत्राचार गर्ने मिति २०७५।५।३१ गतेको नेपाल सरकार (सचिवस्तर) निर्णयानुसार" लेखीआएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

पुनश्चः राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पत्रको छायाँप्रति (पाना-१) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

०७५।६।२

.........................
(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

**बोधार्थ :**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौं ।